# महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकूद शाखा

महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०७९/०८०
चलानी नं: ४०

मिति २०७९/०६/२६

---

**विषयः विद्यालयको अन्तिम लेखा परीक्षणको लागि आसय पत्र पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत सम्बन्धमा महाराजगंज नगरपालिकाको नगर शिक्षा नियमावली, २०७८ को नियम ८९ संशोधन सहितमा भएको व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालय र सामुदायिक सिकाई केन्द्रहरुको आ.व २०७८/०७९ सम्मको अन्तिम लेखापरीक्षण प्रयोजनार्थ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा सूचिकृत भएका इच्छुक लेखापरीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समय भित्र लेखापरीक्षणका लागि आसय पत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

- सम्बन्धित व्यक्तिको निवेदन ।
- नेपाली नागरिकता तथा पेसागत कागजातहरुको प्रमाणित प्रतिलिपि ।
- लेखा परीक्षक फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आ.व २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व २०७८/०७९ को लागि फर्म/संस्था नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- स्थायी लेखा नम्बर भएको परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
- मूल्य अभिवृद्धि कर (VAT) मा आवद्ध भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- फर्म/संस्था कालो सूचीमा नपरेको स्व-घोषणा पत्र ।
- नेपाल सरकार र मातहतका निकायमा कार्यरत कर्मचारीको हकमा विभागीय अनुमति पत्र ।
- नगरपालिकाको राजश्व शाखामा निवेदन दर्ता शुल्क रु. १५००/- (अक्षरुपी रु एक हजार पाँच सय) बुझाएको नगदी रसिद ।

रेस्मी राज अर्याल
उप सचिव

बोधार्थः-
श्री सूचना तथा प्रविधि शाखाः Website मा अपलोड गरिदिनुहुन ।